# नरैनापुर गाउँपालिका

**Narainapur Rural Municipality**

# गाउँ कार्यपालिकाको कार्यालय

**Office of the Rural Municipal Executive**

नरैनापुर, बाँके
Narainapur, Banke

लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या : २०८२।०८३
चलानी न: सूचना प्रविधि शाखा ६४४

मिति: २०८२।१२।२२
नेपाल सम्वत ११४६ चौलागा

<u>विषय: वैदेशिक रोजगार सन्तति छात्रवृत्तिका लागि आवेदन संकलन गर्ने सम्बन्धमा।</u>

**श्री सबै वडा कार्यालयहरू (१ देखी ६),**
**नरैनापुर गाउँपालिका, नरैनापुर बाँके।**

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार बोर्डको सचिवालयको प.सं. २०८२/८३ को सूचना अनुसार "वैदेशिक रोजगार सन्तति छात्रवृत्ति" का लागि आवेदन दिने म्याद थप भएको व्यहोरा जानकारी गराइन्छ। वैदेशिक रोजगार बोर्डको सचिवालयको निर्णयानुसार उक्त छात्रवृत्तिका लागि आवेदन पेश गर्ने म्याद **मिति २०८३ वैशाख ६ गते आइतबारसम्म** थप गरिएको हुनाले तपसिल बमोजिमका आवश्यक कागजातहरू सहित योग्य विद्यार्थीहरूलाई आवेदन दिन सूचित गरिदिनुहुन र वडाबाट गर्नुपर्ने सिफारिस तथा समन्वय गरिदिनुहुन यो पत्र पठाइएको छ।

**तपसिल: आवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू**

क) श्रमिकको राहदानीको प्रतिलिपि वा राहदानी खुल्ने कागजात।

ख) छात्र/छात्रा वा निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता।

ग) श्रमिकको मृत्यु दर्ताको प्रमाणपत्र वा अंगभंग/गम्भीर बिरामी भएको प्रमाणित गर्ने चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि।

घ) छात्र/छात्रा र श्रमिक बीचको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि।

ङ) सम्बन्धित स्थानीय तहको सिफारिसको प्रतिलिपि।

च) श्रमिक करार अवधिभित्रै अंगभंग वा गम्भीर बिरामी भई स्वदेश फर्केको खुल्ने कागजात।

छ) निवेदकको जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि।

नोटः थप जानकारीका लागि स्थानीय तहको रोजगार संयोजक श्री मकबुल अहमद मुकेरी ९८५८०२८९५३ मा सम्पर्क गर्न सकिनेछ।

..............................
नवराज वली
प्रमुख प्रशासकीय अधिकृत

**नवराज वली**
**प्रमुख प्रशासकीय अधिकृत**



CS Scanned with CamScanner

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार बोर्डको सचिवालय
बबरमहल, काठमाडौं

✆ ०१-५३२०३११
✆ ०१-५३२०४३३/५६
फ्याक्स नं. ०१-५३२०५४३
E-mail: info@feb.gov.np

प.सं. २०८२/८३
च.नं.

मिति: २०८२/१२/१६
ने.सं. ११४६

विषयः वैदेशिक रोजगार सन्तती छात्रवृत्तिका लागि निवेदन दिने म्याद थप गरिएको सूचना।

प्रस्तुत विषय यस सचिवालयबाट प्रदान गरिने वैदेशिक रोजगार सन्तती छात्रवृत्तिका सम्बन्धमा वैदेशिक रोजगार सन्तती छात्रवृत्ति निर्देशक समितिको मिति २०८२/१२/१६ गतेको बैठकको निर्णय बमोजिम छात्रवृत्तिका लागि निवेदन पेश गर्ने म्याद मिति २०८३ वैशाख ६ गते आईतवारसम्मका लागि थप गरिएको सूचना प्रकाशित गरिएको छ। म्याद थप गरिएको अवधि भित्र वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सहायताका लागि निवेदन दिनका लागि सम्पूर्ण स्थानीय तह तथा सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै, मिति २०८२/१२/१५ गते सम्म वैदेशिक रोजगार बोर्डको सचिवालयबाट अंगभंग वा गम्भिर बिरामी तथा मृत्यु भै शतप्रतिशत आर्थिक सहायता प्राप्त गरेका श्रमिकका परिवारले समेत आवेदन दिन सक्ने व्यहोरा सूचित गरिन्छ। थप जानकारीका लागि सम्बन्धित स्थानीय तहका रोजगार संयोजकलाई वा श्रमाधान कल सेन्टर ११४१ मा सम्पर्क गर्न सकिनेछ।

निवेदन साथ पेश गर्नु पर्ने आवश्यक कागजातहरु:

क) श्रमिकको राहदानीको प्रतिलिपि वा राहदानी खुल्ने कागजात,
ख) छात्र/छात्रा वा निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता,
ग) श्रमिकको मृत्यु दर्ताको प्रमाणपत्र र श्रमिकको अंगभंग वा गम्भीर बिरामी भएको प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणको प्रतिलिपि,
घ) छात्र/छात्रा र श्रमिक बीचको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि,
ङ) सम्बन्धित स्थानीय तहको सिफारिसको प्रतिलिपि,
च) श्रमिक करार अवधिभित्रै अंगभंग वा गम्भीर बिरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,
छ) निवेदकको जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि।

.......................
(भूपेन्द्र सापकोटा)
निर्देशक